प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : September 22, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# 'पल्लोखण्डको छत' र 'अहङ्कारको स्वर' कथामा पिँढी र प्रभुत्व

**योगेश काफ्ले***

## सार

प्रस्तुत लेखमा रमेश विकलका कथासङ्ग्रहमा सङ्कलित' कथामा पिँढी र प्रभुत्वको अध्ययन गरिएको छ । रमेश विकलका कथा कथासङ्ग्रहका कथासङ्ग्रहमा सङ्कलित प्रस्तुत 'पल्लो खण्डको छत' र "अहङ्कारको स्वर' कथामा पिँढी र प्रभुत्वका दृष्टिले विश्लेषण गरिएको छ । पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी समाजशास्त्रीय समालोचनाका क्रममा विकसित अनुभूतिको संरचनाको समालोचनालाई सैद्धान्तिक आधार मानी त्यसको अध्ययनका क्रममा प्रतिपादन भएका मान्यताका आधारमा अनुभूतिको संरचनाअन्तर्गत पर्ने पिँढी र प्रभुत्वको सैद्धान्तिक आधार तयार गरी त्यसैका आधारमा कथाको विश्लेषण गरिएको छ ।रेमण्ड विलियम्सद्वारा प्रतिपादित समाजशास्त्रीय समालोचना प्रस्तुत शोधको सैद्धान्तिक आधार हो । समाजशास्त्रीय अध्ययनका क्रममा अनुभूतिको संरचनाका मान्यता प्रतिपादन भएका छन् । तीमध्ये पिँढी र प्रभुत्व र दबाब र तनाव सम्बन्धी मान्यता पनि हुन् । प्रस्तुत साहित्यसँग सम्बद्ध भएकाले यसमा मुख्यतः गुणात्मक शोधढाँचा अबलम्बन गरिएको छ । यस लेखमा विश्लेष्य सामग्री कथाका पाठ भएकाले तिनको सूक्ष्म पठन गरी तिनमा पाइने पिँढी र प्रभुत्व तथा त्यसबाट उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाको खोजी गरी विश्लेषण गरिएको छ । त्यसैले यसको अर्थापन पद्धति मूल रूपमा पाठ विश्लेषण विधिमा आधारित छ पिँढी र प्रभुत्वअन्तर्गत रमेश विकलका कथामा प्रभुत्वशाली, अधीनस्थ र उदीयमान गरी तीन प्रकारका पिँढीगत अवस्था रहेको निरूपण गरिएको छ । यसमा प्रभुत्वशाली पिँढीअन्तर्गत सत्तामा रहेका, सत्ता वरिपरि रहेका, मुखिया, जिम्वाल आदि शोषक, सामन्त रहेका छन् । यिनले अधीनस्थ पिँढीमाथि आफ्नो वर्चस्व कायम गरी शोषण, दमन, अन्याय, अत्याचार गरी उनीहरूलाई घरबारविहीन समेत बनाएका छन् । अधीनस्थ पिँढीअन्तर्गत प्रायः सोझा सिधा गाउँले सर्वसाधारण जनता रहेका छन् । उनीहरू प्रभुत्वशाली

* नेपाली शिक्षण विभाग, तेह्रथुम बहुमुखी क्याम्पस, इमेल : kafleyogesh@gmail.com

पिँढीको निगाहामा आफूहरू बाँचेको ठानेका छन् त्यसैले उनीहरू आफूहरूमाथि भएको शोषण, दमनको विरोध गर्न नसकी स्वीकार्न बाध्य छन् । उदीयमान पिँढीअन्तर्गत प्रभुत्वशाली पिँढीको शोषण, दमन, अन्याय, अत्याचारको शसक्त विरोध गरी वैकल्पिक संस्कृतिको निर्माण गर्ने चरित्र रहेका छन् । यी कुरा साक्ष्यका आधारमा पुष्टि गरिएको छ ।

***शब्द कुञ्जी :*** पहिचान, प्रतिनिधित्व, समाजशास्त्र, वर्ग

## १. विषयपरिचय

रामेश्वर शर्मा चालिसे (१९८५-२०६५) नेपाली साहित्यका क्षेत्रमा रमेश विकलका नामले परिचित छन् । उनले नेपाली साहित्यमा कविता, नाटक, एकाङ्की, निबन्ध, बालसाहित्य, उपन्यास कथा आदि रचना गरे पनि उनी मूलतः आख्यानकार त्यसमा पनि कथाकारका रूपमा बढी परिचित छन् । 'गरिब' (२००६) कथाका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका विकलका *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव, सालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५), *कथादेखि कथासम्म* (२०७१), *हिमालको छहरा समुद्रको छाल* (२०७१) र *रमेश विकलका कथा* (२०७५) गरी दशवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । विविध विषयवस्तुमा आधारित भएर कथा रचना गर्ने विकलका कथामा समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक भेदभाव, वर्गीय असमानता र भेदभावको चित्रण पाइन्छ । यिनले आफ्ना कथामा उच्चवर्गले निम्नवर्गमाथि गर्ने शोषण, दमनप्रति घृणा र आक्रोश व्यक्त गर्दै निम्नवर्गप्रति सहानुभूति प्रकट गरेका छन् ।

**पाश्चात्य जगत्मा नवीन समालोचनाका रूपमा विकसित समाजशास्त्रीय अध्ययनको एक पक्षअन्तर्गत पर्ने पिँढी र** पिँढीगत प्रभुत्वको **परिचय दिई** रमेश विकलका कथा कथासङ्ग्रहका 'पल्लो खण्डको छत', 'अहङ्कारको स्वर', 'आतङ्कवादी' कथाको पिँढी र प्रभुत्वका दृष्टिले कथा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार र अर्थापन विधि

### पिँढी / पिँढीगत प्रभुत्व

रेमन्ड विलियम्सले अनुभूतिको संरचनाको व्याख्याका क्रममा विचारभन्दा अनुभूति र वर्गभन्दा समुदाय वा पिँढीलाई बढी महत्त्व दिएका छन् । उनले साहित्यको समाजशास्त्रीय अध्ययनमा पिँढीलाई जोड दिन्छन् र त्यसभित्रको अन्तर्सम्बन्धको विश्लेषण गर्न खोज्छन् । उनले अनुभूतिले कलाको अनुभव पक्षलाई सङ्केत गर्ने र संरचनाको सुनिश्चितताको बोध गराउँछ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले अनुभूतिको संरचना एक कालखण्डको अनुभूति भए तापनि त्यो सर्वत्र एक समान भने हुँदैन भनेका छन् । अनुभूतिको संरचनालाई पिँढीगत परिप्रेक्ष्यमा हेर्न सकिने र त्यस क्रममा प्रभुत्वशाली पिँढी, अधीनस्थ वा वैकल्पिक पिँढीका आआफ्नै अनुभूतिको संरचना हुन्छ भन्ने विलियम्सको धारणा रहेको छ । पिँढीगत सन्दर्भलाई प्रस्ट पार्ने क्रममा उनी कम्तीमा तीनवटा पिँढीको कुरा गर्दछन् (पाण्डेय [ताराकान्त] ३) । उनको विचारमा समाजमा प्रायः पहिलो पिँढी शासक वा प्रभुत्वशालीको हैसियतमा रहेको हुन्छ । दोस्रो पिँढी प्रभुत्वशाली पिँढीको सांस्कृतिक अधीनस्थता स्वीकार गर्न बाध्य हुन्छ । दोस्रो पिँढीले प्रभुत्वशाली पिँढीको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसले समाधान स्वरूप तेस्रो पिँढी वा उदीयमान पिँढीले वैकल्पिक बाटो लिन्छ र अनुभूतिको संरचनालाई जन्म दिन्छ (खनाल २६) ।

प्रभुत्वशाली पिँढी पहिलो पिँढी हो । यो पुस्ताको अभिप्रायका सन्दर्भमा नभई सांस्कृतिक शक्तिका रूपमा रहेको हुन्छ । यस्तो प्रभुत्वशाली पिँढीको सांस्कृतिक प्रभाव शासकतुल्य हुन्छ । यही सांस्कृतिक पिँढीले दोस्रो वा अधीनस्थ पिँढीलाई सांस्कृतिक रूपमै आफ्नो अनुकूल बनाउन मानसिक रूपमा तयार पार्ने काम गर्दछ (भट्ट ३९) भन्ने विलियम्सको धारणा ग्राम्सीको प्रभुत्वशाली धारणाबाट प्रभावित छ । एन्टोनियो ग्राम्सीले हेजेमोनीमा शासकले शोषितलाई 'म शोषित हुन तयार छु' भन्ने स्वीकारोक्ति निर्माण गर्दछ । त्यस्तो किसिमको स्वीकारोक्ति आफैँ आउँदैन । त्यसलाई शासकले विभिन्न किसिमका वैचारिक तथा सङ्कथन मार्फत सिर्जना गरेका हुन्छन् (उप्रेती ४) ।

ग्राम्सीको प्रभुत्व सम्बन्धी अवधारणा औपनिवेशिक देशहरूको सांस्कृतिक अध्ययनमा केन्द्रित थियो । उनले त्यस्ता औपनिवेशिक देशका नागरिक हीन भावनाले ग्रस्त नागरिकका बुझाइमा पश्चिमी सभ्यता र संस्कृति हाम्रा संस्कृति भन्दा उच्च हुन् भन्ने स्वीकारोक्ति निर्माण भएको थियो तथा ती मानिसहरू *हेजेमोनाइज्ड* भएका थिए भन्ने तथ्य प्रस्तुत गरेका छन् । विलियम्सको पिँढी सम्बन्धी अवधारणा र ग्राम्सीको हेजेमोनी सम्बन्धी धारणामा समानता भए तापनि विलियम्सले ग्राम्सीभन्दा गहन रूपमा सांस्कृतिक समूहको व्याख्या गरेका छन् (खनाल २३) । ग्राम्सीले सांस्कृतिक समूहको चर्चा गर्ने क्रममा प्रभुत्वशाली पिँढी र शोषित हुन स्वीकार गर्ने पिँढीको मात्र विश्लेषण गरेका छन् तर विलियम्सले यस्तो अवस्था सदैव विद्यमान हुँदैन भन्ने निष्कर्ष निकालेको पाइन्छ । विलियम्सले प्रभुत्वशाली सांस्कृतिक समूहको अधीनस्थता स्वीकार नगरी त्यसका विकल्पमा नयाँ संस्कृति निर्माण गर्ने समुदायलाई तेस्रो पिँढी मानेका छन् जसले नयाँ किसिमको अनुभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसको समाधानका रूपमा तेस्रो पिँढीले अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । उनले यसलाई समाधानतर्फ उन्मुख संस्कृतिका रूपमा व्याख्या गरेका छन् (पाण्डेय, [ताराकान्त] ७) । यस किसिमको सांस्कृतिक समूहलाई नवउदीयमान वा वैकल्पिक पिँढीका रूपमा व्याख्या गरेका छन् ।

विलियम्सले प्रभुत्वशाली र अधीनस्थ पिँढीका परम्पराका साथै परम्पराको पुरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराको व्याख्या गरेका छन् । उनका अनुसार अवशिष्टको तात्पर्य त्यस्ता अनुभव अर्थ र मूल्य हुन् । जसको प्रमाणीकरण सम्भव हुँदैन । उदीयमान संस्कृतिको परम्परालाई स्पष्ट पार्ने क्रममा समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहारहरू, नयाँ अनुभव निरन्तर निर्मित हुन्छन् । तिनलाई आफूभित्र समाहित गर्ने प्रयास प्रभुत्वशाली परम्पराबाट पनि हुन्छ र विरोधको वैकल्पिक परम्पराबाट पनि हुन्छ (भट्ट ४०-४१) । पहिलो तथा प्रधुत्वशाली पिँढीले शक्तिको प्रयोगका साथै सांस्कृतिक तथा परम्परागत ढङ्गले बुद्धिजीवी तयार गरी आफू अनुकूलको सांस्कृतिक संरचना तयार पार्दछ र सकेसम्म सम्झौताबाट नै आफ्नो प्रभुत्व कायम गर्दछ । अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीलाई विस्थापित गरेर आफ्नो अधिकार स्थापित गर्न खोज्दछ । यस क्रममा दोस्रो पिँढीभित्र बाटै वा अलग रूपमा तेस्रो तथा उदीयमान पिँढीको उदय हुन्छ । यही मान्यतालाई आधार मानी विकलका कथामा व्यक्त पिँढी र प्रभुत्वलाई विश्लेषण गरिएको छ ।

## २. अध्ययन विधि

रेमण्ड विलियम्सद्वारा प्रतिपादित समाजशास्त्रीय समालोचना प्रस्तुत लेखको सैद्धान्तिक आधार हो । समाजशास्त्रीय अध्ययनका क्रममा अनुभूतिको संरचनाका मान्यता प्रतिपादन भएका छन् । तीमध्ये पिँढी र प्रभुत्व र दबाब र तनाव सम्बन्धी मान्यता

हुन् । प्रस्तुत लेख साहित्यसँग सम्बद्ध भएकाले यसमा मुख्यतः गुणात्मक शोधढाँचा अबलम्बन गरिएको छ । रमेश विकलका कथासङ्ग्रहका 'पल्लो खण्डको छत' र "अहङ्कारको स्वर' कथा छनोट गरी आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । तिनै कथा नै प्राथमिक सामग्री हुन् । यसका साथै यो लेख सम्पन्न गर्न प्रयोग गरिएका सैद्धान्तिक ग्रन्थ र उनका कथाका बारेमा गरिएका कार्य द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यी दुवै खाले सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । यसमा विश्लेष्य सामग्री कथाका पाठ भएकाले तिनको सूक्ष्म पठन गरी तिनमा पाइने पिँढी र प्रभुत्व को खोजी गरी विश्लेषण गरिएको छ । त्यसको अर्थापन पद्धति मूल रूपमा पाठ विश्लेषण विधिमा आधारित भई कथाको विश्लेषण गरिएको छ ।

## ३. छलफल र परिणाम

### आख्यान सन्दर्भ

'पल्लो खण्डको छत' कथामा पञ्चायती शासन व्यवस्थामा गाउँका शोषक, सामन्तहरूले प्रशासनसँग मिलेर न्यायको पक्षमा लाग्ने तथा शोषण, दमन, अन्याय, अत्याचारको विरोध गर्नेहरूलाई राष्ट्र विरोधी विल्ला भिराएर आफ्नो बाटोबाट हटाउने गरेको यथार्थ चित्रण गरिएको छ । प्रस्तुत कथामा बिट्टु झाले सुदेव मिश्र र उसको परिवारलाई त्यसै गरी हटाएर उनीहरूको सम्पत्ति हत्याएको छ ।

'अहङ्कारको स्वर' कथा पञ्चायती शासकको शोषण, दमनका विरूद्ध जनतालाई प्रजातन्त्रका पक्षमा होमेर उनीहरूको बलिदानले आएको प्रजातन्त्रमा पनि सत्तामा पुगेका नेताहरूमा उही पञ्चायती शासकमा जस्तै अहङ्कारपूर्ण दम्भ देखिएको कुरा व्यक्त भएको छ ।

### रमेश विकलका कथा कथासङ्ग्रहका कथामा पिँढी र प्रभुत्व

रमेश विकलका कथा कथासङ्ग्रहका 'पल्लो खण्डको छत', 'अहङ्कारको स्वर', 'आतङ्कवादी' कथाको पिँढी र प्रभुत्वका दृष्टिले विश्लेषण गरिएको छ ।

'पल्लो खण्डको छत' कथामा प्रभुत्वशाली पिँढीका रूपमा बिट्टु झा र तत्कालीन पञ्चायती प्रशासक रहेका छन् । यिनीहरूले सर्वसाधारण जनतालाई शोषण, दमन गरेर उनीहरूको सम्पत्ति कब्जा गर्नेदेखि विभिन्न आरोप लगाई जेलनेल गर्ने र गुपचुप हत्या गर्ने गरेका छन् । यसको कसैले विरोध गरेमा बौलाहा करार गरेर आजीवन जेल हाल्ने कामसमेत गरेका छन् । यिनीहरूले आफ्नो बाटोमा आउने वैद्य सुदेव मिश्रलाई फन्दामा पारेको कुरा कथामा यसरी चित्रण भएको छ :

> *वैद्य त्यस गाउँमा भएका प्रत्येक सामाजिक अपराध र भ्रष्टाचारको विरोधमा कराएर हिँड्थे । उनको यो विरोध नै त्यहाँका समाजका कर्णधारका लागि सह्य हुने कुरै भएन । ... आखिर राजनीतिक षड्यन्त्रमा पारेर असामाजिक तत्त्वको आरोपमा वैद्यजीलाई एकदिन ठिँगुरामा हाले । जेलजीवनमा भोग्नु परेको असह्य ताडना झेल्न आखिर उनको बूढो शरीरले कहाँसम्म सक्थ्यो र ? एक दिन उनी रगत दिसा गरेर मरे । (१८७)*

प्रस्तुत साक्ष्यमा वैद्यले गाउँमा भएको वेथितिको विरोध गरेकाले गाउँका असामाजिक तत्त्वले उनलाई राजनीतिक अपराधीका रूपमा खडा गराई उनलाई जेल हालेका छन् । जेलमा उनलाई क्रुर यातना दिएकाले उनको शरीरले सहन गर्न नसकी रगत दिसा गरेर मरे अर्थात् प्रशासकले उनको हत्या गर्‍यो । यसरी

तत्कालीन शासक र उनका सहयोगीले सुदेव वैद्य जस्ता निरपराधी व्यक्तिलाई अपराधीका रूपमा उभ्याइ अमानुषिक यातना दिने गरेको देखिएको छ । उनीहरूले आफ्नो शक्तिको प्रभुत्वका कारण जनतालाई शोषण दमन गरेको स्पष्ट भएको छ । यसरी प्रभुत्वका माध्यमले सुदेव वैद्यको हत्या गरेपछि उसको जमिन र जवान श्रीमती हत्याउन गाउँको शोषक बिट्टु झा कसरी लागिपरेको छ भन्ने कुरा कथामा यसरी व्यक्त भएको छ :

> *लक्ष्मी मिश्र वैद्यजीको दोस्रो बिहाकी गृहिणी उमेरदार त छँदै थिई, त्यसमाथि रूप पनि उसको चर्चालायक थियो । अनि त्यसमाथि वैद्यजीको सुनको टुक्राजस्तो दस बिघा जमिन गाउँका धूर्त र फटाहाहरूको राल चुहिन पर्याप्त कारण थियो । चारैतिरबाट लक्ष्मी मिश्रतिर सहाराका हातहरू बढे । तर यी सबैलाई उछिनेर जुन हात उसको नजिक पुग्न सफल भयो त्यो हात गाउँकै प्रमुख बिट्टु झाको थियो । ऊ धूर्तमध्ये सबैभन्दा शिरोमणि थियो । (१८८)*

प्रस्तुत साक्ष्यमा गाउँका फटाहाहरूले असहाय महिला लक्ष्मी मिश्रलाई सहयोगका नाममा उसको जवानी र सम्पत्तिमा आँखा गाडेको देखिन्छ । गाउँको सबैभन्दा राम्रो जमिन उसकै भएकाले उसलाई सहयोग गरेजस्तो गरी उक्त सम्पत्ति हात पार्न गाउँका फटाहाहरू लागि परेका छन् तर उक्त काममा सबैभन्दा फटाहा धूर्त गाउँकै प्रमुख बिट्टु झा सफल भएको छ । यसरी महिलालाई तिमीहरू पतिको मृत्युपछि असहाय हुन्छौ । तिमीहरूलाई संरक्षण गर्ने एक जना पुरूषको आवश्यक हुन्छ भन्ने मनोविज्ञान सिर्जना गराई उनीहरूको शरीर र सम्पत्तिमा रजाइँ गर्न शोषकहरू लागि परेका छन् । समयक्रममा लक्ष्मी मिश्रको छोरो उमेश मिश्रले आफूहरू अन्यायमा परेको थाहा पाएपछि विरोध गर्न थालेकाले उसमाथि पनि बिट्टु झाले शक्तिको प्रयोग गरेर अन्याय, अत्याचार गरेको छ, जस्तै :

> *एक दिन त्यहाँका मूक र निमुखाजनले सुने - उमेशनारायण मिश्रलाई बजारमा दङ्गा मच्चाएको, शान्तिसुरक्षा खल्बलाएर विकाशका काममा बाधा दिएकाले प्रशासनले पक्र्यो । ...जनता शून्य भयो, ऊ आश्चर्यमा पऱ्यो । उमेशजस्तो गम्भीर, गाउँ र जनताको सुखसमृद्धिका लागि भ्रष्टाचार र लुट विरोधी केटाले विकाशमा बाधा पाऱ्यो ? ... आश्चर्य ! अनि त्यसपछि उमेशको के भयो, कसो भयो कसैले पत्तो पाएन । (१९५)*

प्रस्तुत साक्ष्यमा प्रभुत्वशाली पिँढीको बिट्टु झाले उमेशलाई आफ्नो प्रभुत्वमा पार्न नसकेकाले झुटो मुद्दा लगाएर पक्रन लगाएको छ । उसलाई शान्ति सुरक्षा खल्बलाउने काम गरेको तथा विकास निर्माणका काममा बाधा पुऱ्याएको आरोप लगाएर बेपत्ता पारिएको छ । जुन मान्छे गाउँ र जनताको सुख समृद्धिमा दिन रात लागि रहन्थ्यो उसैलाई त्यसैको विरोधी बनाई पक्रेकोले गाउँले जनतासमेत अचम्मित भएका थिए । यसरी शक्तिमा भएकाले आफ्नो विरोधीलाई बेकसुर भए पनि कुनै पनि आरोपमा फसाई पक्रने मात्र होइन बेपत्ता नै बनाउन सक्छ भन्ने कुरा स्पष्ट भएको छ । यसरी सुदेव वैद्य र उसको छोरो उमेशलाई तह लगाएपछि लक्ष्मी र उसको सम्पत्ति हात पार्न जाँदा उसको कर्तुत थाहा पाएर लक्ष्मी मिश्रले प्रतिरोध गरेकाले उसलाई पनि पागल करार गराई सम्पूर्ण सम्पत्ति हत्याएको कुरा यसरी चित्रण गरिएको छ : "ऊ... कुनै चानचुने मानिस त थिएन । ...उसको बुद्धिले यस निर्णयात्मक र अप्ठेरो घडीलाई आफ्नो अनुकूल बनाउन किन चुक्थ्यो । उसले भन्यो - ' उमेशकी आमा बौलाई । ...उसदेखि मान्छेलाई खतरा छ'" (१९७) । प्रस्तुत साक्ष्यमा बिट्टु झाले आफ्नो प्रभुत्व कायम राखी लक्ष्मी मिश्रको सम्पत्ति हात पार्न सुदेव वैद्य र उसको छोरो उमेशलाई प्रशासनद्वारा मराएर लक्ष्मी मिश्रलाई बौलाई करार गराएको छ । यसरी प्रभुत्वशाली पिँढीले आफ्नो स्वार्थ पूरा गर्न अधीनस्थ पिँढीमाथि जुनसुकै अन्याय अत्याचार पनि गर्छन् भन्ने कुरा बिट्टु झाका माध्यमबाट स्पष्ट भएको छ ।

प्रस्तुत कथामा अधीनस्थ पिँढीका रूपमा गाउँले जनता, सुदेव वैद्यकी पत्नी, डाक्टर आदि उपस्थित छन् । यी अधीनस्थ पिँढी प्रभुत्वशाली पिँढीको वर्चस्वमा रहेका छन् । यिनीहरू प्रभुत्वशाली पिँढीको शोषण, दमन, अन्याय, अत्याचारका विरूद्ध बोल्न सक्दैनन् । केवल स्वीकार्न बाध्य छन् भन्ने कुरा कथामा यसरी चित्रण भएको छ : "जिउँदो मानिसको गाउँ र जिउँदो चेतनाको वातावरण भएको भए त्यस मृत्युले राजनीतिक हत्याको रूप लिएर उग्र घटनाको रूप लिन सक्थ्यो तर प्रशासनको कडा दबावका कारणले गाउँका अशक्त, निमुखाजनले आफ्ना शुभचिन्तक प्रिय वैद्यजीको मृत्युशोक मनाएर श्रद्धान्जली मनाए" (१८७) । प्रस्तुत साक्ष्यमा सम्पूर्ण गाउँलेका सुखदुःखका साथी, वैद्यलाई बिट्टु झाको पोलमा प्रशासनले मारेको थाहा हुँदाहुँदै पनि गाउँलेले केही विरोध गर्न सकेका छैनन् । उनीहरूलाई प्रशासनको दबाव परेको छ, अर्थात् उक्त मृत्यु स्वाभाविक वा रोगका कारण नभई हत्या भएको हो भन्ने थाहा भए पनि त्यसको प्रतिकार गर्न गाउँले सकेका छैनन् । उनीहरू शक्तिका अगाडि निरिह देखिएका छन् । त्यस्तै प्रस्तुत कथामा लक्ष्मी मिश्र पनि अधीनस्थ पिँढीकी चरित्र हो । ऊ आफ्नो पतिको हत्या हुँदा पनि केही विरोध गर्न सकेकी छैन, बरू उल्टै उनीहरूकै संरक्षणमा रहेकी छ, जुन कुरा कथामा यसरी व्यक्त भएको छ :

> *हुन त आफ्नो लोग्नेलाई जालसाजीमा फसाएर ज्यान लिनमा भित्री हात यस बिट्टु झाको पनि थियो भन्ने कुरा घुइरो-घुइरो लक्ष्मीका कानमा पनि परेको थियो । तर बिट्टु झाको बोली यति मीठो र आत्मीयताको खोलले मोरिएको हुन्थ्यो, उसले त्यस कुरालाई पचाउन सकिन । त्यसैले यस आपत्कालमा जीवनडुङ्गा कोसीको मझधारमा फसेको पाएर आतसमा परेकी उसले एउटा बलियो आधारका रूपमा आफूतिर बढेको बिट्टुको हात समाउन विवश थिई । (१८८)*

प्रस्तुत साक्ष्यमा सुदेवकी श्रीमती लक्ष्मी आफ्नै पतिको हत्यारा बिट्टु झा हो भन्ने थाहा पाउँदा पाउँदै पनि उसैको सहारा लिन विवश छे । ऊ उक्त बिट्टु झाको प्रतिरोध गर्न सक्दैने । आफू अबला र छोरो सानो भएकोले कसैन कसैको सहारा विना रहन नसक्ने सोंच उसमा रहेकोले बिट्टु झाले आफ्नो पोल्टामा पारेको छ । अर्थात् ऊ आफू ठूलो आपत्मा परेकोले त्यसबाट उकास्न अरू कोही चाहिने मनोविज्ञानबाट ग्रसित भएकी छ । प्रस्तुत कथामा डाक्टर पनि अधीनस्थ पिँढीको चरित्रका रूपमा उपस्थित छ । ऊ शासकहरूको इसारामा नाच्ने प्राणीका रूपमा रहेको छ, जस्तै : "'डाक्टर ?' रामानन्द ठाकुर हाँस्यो । 'एक त हिजोआज डाक्टर -'माता पैसा, पिता पैसा, पैसा नै परमेश्वर'को युगबोधद्वारा प्रेरित, त्यसमाथि सरकारी जागिरमा बाँधिएका । उनीहरूको रिपोर्टमा वैद्यजीको मृत्यु कलेराद्वारा भएको ठहरिएको थियो'" (१८७) । प्रस्तुत साक्ष्यमा डाक्टर सरकारी जागिरमा बाँधिएको हुनाले उसले प्रशासकले जे भन्छ त्यही मान्नुपर्ने बाध्यतामा रहेको छ । उसको आफ्नो निर्णय त्यहाँ चल्दैन । अर्थात् यातनाद्वारा मृत्यु भएको वैद्यको रिपोर्ट प्रशासनले भनेजस्तै कलेरा रोगद्वारा भएको हो भन्न विवश देखिन्छ । त्यसैले डाक्टर पनि प्रशासनको अधीनमा रहेको स्पष्ट देखिन्छ ।

प्रस्तुत कथामा उदीयमान पिँढीका रूपमा वैद्य सुदेव मिश्र, उसको छोरो उमेशनारायण मिश्र र कलेजका साथीहरू रहेका छन् । यिनीहरूले समाजमा भएको शोषण, दमन, अन्याय, अत्याचारको खुलेर विरोध गरेका छन् । आफ्नो ज्यानको जोखिम मोलेर भए पनि त्यस किसिमका खराब प्रवृत्तिको विरोध गर्नुका साथै जनतालाई सचेत पार्ने काम गरेका छन् । जसले वैकल्पिक संस्कृतिको निर्माणमा सहयोग पुगेको छ । यसैको परिणामस्वरूप लक्ष्मी मिश्रमा पनि प्रतिरोधी चेतनाको विकाश भएको छ । प्रस्तुत कथामा सुदेव मिश्रमा प्रतिरोधी चेतना रहेको कुरा कथामा यसरी चित्रण भएको छ :

*'गाउँको एउटा सदस्यको नाताले गाउँको सबै कुरा, भलो, कुभलो सबैमा चासो राख्ने मेरो कर्तव्य र अधिकार छ हजुर ! गाउँ यहाँका एक दुई ठूलाबडाको मात्र त होइन' सुदेव मिश्रले दृढ तर केही दबेको स्वरमा भन्यो - 'यो मेरो पनि गाउँ हो - मैले दसधारा दूध खाएकी मेरी आमाको पनि गाउँ हो र यसमा कसैले बिस्ट्याएर यसलाई कसैले चर्पी बनाउन खोज्छ भने... अन्यथा मैले कुनै राजनीति गरेको छैन, राजनीतिसँग मेरो चासो पनि छैन' । (१८६)*

प्रस्तुत साक्ष्यमा सुदेव वैद्य गाउँको एक सचेत र जिम्मेवार नागरिकको हैसियतले आफ्नो गाउँमा कसैले अन्याय, अत्याचार गर्छ वा कुविचार राख्छ भने सहेर नबस्ने विचार राखेका छन् । उनी अन्याय, अत्याचार, शोषण, दमनको घोर विरोधी देखिएका छन् । उनी आफूलाई मात्र नभएर गाउँका कसैलाई अन्याय नहोस् भन्ने विचार राख्ने व्यक्तिका रूपमा देखिएका छन् । उनले जसले शोषण, दमन गर्छ त्यसको कडा प्रतिकारमा उत्रिने विचार राखेकाले उनमा उदीयमान संस्कृति विद्यमान रहेको बुझ्न सकिन्छ । जसलाई कथामा यसरी प्रस्ट पारिएको छ : "सुदेवनारायण मिश्र स्थानीय सामाजिक कुरीति, कुव्यसन र भ्रष्ट आचरणहरू हटाउन निकै जोडतोडले लागेको थियो । सानोतिनो बैदाङ्गी काम पनि गर्ने भएकाले गाउँमा देखिने कुनै पनि सानातिना रोगव्याधिबाट सर्वसाधारणलाई बचाउन ऊ रातबिहान कुनै पनि बेला तत्पर रहन्थ्यो" (१८५) । प्रस्तुत साक्ष्यमा सुदेवनारायण एक सचेत नागरिकका रूपमा देखिएको छ । ऊ समाजमा हुने गरेका कुरीति, कुसंस्कार, दुरव्यसनको खुलेर विरोध गर्दथ्यो । यस्ता कार्यले समाजलाई हानी पुऱ्याउँछ, त्यसैले समाजबाट यस किसिमका खराब प्रवृत्तिको अन्त्य गर्नुपर्दछ भन्दै लागिपरेको छ । यसका साथै आफूले जानेको वैद्य पेसाका माध्यमले पनि गाउँमा समाजसेवा गरेको देखिन्छ । ऊ एक असल चरित्र मात्र नभएर वैद्यका रूपमा समेत समाजसेवा गर्ने र जनतालाई शोषण, दमन, अन्याय, अत्याचार सहनुहुँदैन भन्ने कुरा सिकाउने उदीयमान पिँढी भएको स्पष्ट भएको छ । प्रस्तुत कथामा प्रयुक्त उमेश पनि उदीयमान पिँढीको चरित्र हो । ऊ पनि बाबुजस्तै अन्याय, अत्याचारको विरोध गर्दै त्यस्ता कुसंस्कार जरैबाट फाल्नुपर्छ भन्ने् सोच राख्ने चरित्र हो । उसले कलेजमा पनि आफ्न साथीहरूलाई यस्ता खराब पक्षको प्रतिरोध गर्नुपर्छ भन्ने कुरा सिकाएको छ, जुन कुरा कथामा यसरी व्यक्त भएको छ : "उमेश मिश्रको मनमा बिट्टु झा र उसका हिमाइतेहरूप्रति आन्तरिक घृणा र रोष त थियो नै, कलेज गएर विद्यार्थीको हैसियतमा उनीहरूको दिन-उज्यालैको लुट र अराजकताका बारे उसले जति गहिरिएर बुझ्दै गयो, उति नै त्यसमा घृताहुति पर्दै गयो" (१९२-१९३) । प्रस्तुत साक्ष्यमा बिट्टु झाको कर्तुतका बारेमा बुझ्दै गएपछि उमेश मिश्रका मनमा उसप्रति घृणा उत्पन्न भएको छ । उनीहरू समाजका कीरा हुन् । यिनीहरूले समाजलाई खोक्रो पार्दै गइरहेका छन् । यिनीहरूका कारण आफूहरू जस्ता सर्वसाधारण जनता सधैं पछि पारिन्छन् भन्दै त्यस्ता विरूद्ध जाइ लाग्नुपर्ने सोंच उसमा रहेको छ । समाजमा यस्ता कुतत्त्व रहेसम्म जनता सधैं हातथाप्नु पर्ने अवस्थामा रहन्छन् भने यिनीहरू जनताको समस्यामा पनि लुट्न पछि पर्दैनन् भन्ने कुरा बुझेपछि कलेजका साथीहरूमा पनि यस्ता व्यक्तिको विरोधमा लाग्न उत्प्रेरित गराएको छ, जस्तै :

*अकस्मात कमलामा बाढी आएर हजारौं जनजीवनहरूलाई नष्ट-भ्रष्ट पारिदियो ।.... जताततै हाहाकार भोक ! भोक ! ...आश्रय आश्रयको पीडित मानव चीत्कार देशविदेशका मानवीय मुटुले मानवदुर्दशाको गहिरो अनुभव गऱ्यो । चारैतिरबाट अन्न, वस्त्र आदिको सहायताको ओइरो लाग्यो । तर यो केवल स्यालगिद्धको लुछाचुँडीका लागि श्यमशानका छरिएका मुर्दाको बेवारिसे लास रूपमा लुटको विषय मात्र बन्यो । यो सब देखेर कलेजका केही सचेत र आदर्श वा लगत राख्ने विद्यार्थीहरूले*

*उमेशको साथमा मैदानमा उत्रने निधो गरे । उनीहरूले देशको यस सङ्कटका बेलामा पनि यी समाजका गिद्धहरूको लुटपाट भएको सहन सकेनन् र यसमा जनतालाई सचेत गराई ती सम्मानित लुटाहाहरूको कालो अनुहार उदाङ्ग्याउने अभियान सुरू गरे । (१९३-१९४)*

प्रस्तुत साक्ष्यमा समाजका शोषक, सामन्तहरूले प्राकृतिक विपत्तिमा पनि पीडित जनतालाई शोषण गर्न छोडेका छैनन् । यस प्रकारको कुकृत्य देखेर कलेज पढ्ने उमेश लगायतका विद्यार्थीहरूले उमेशको नेतृत्वमा जनचेतना जगाउने कार्य गरेका छन् । त्यस्ता शोषक, सामन्तहरूले जनताका लागि आएको सहयोग पनि कसरी आफ्नो पोल्टामा पारेका छन् भन्ने कुरा जनताका अगाडि प्रस्ट पार्ने काममा जुटेका छन् । अर्थात् समाजमा सम्मानित भएर बसेका तर शोषक, सामन्तहरूको मुखौटो उतार्ने काम गरेका छन् । विद्यार्थीहरू जनताका पक्षमा खुलेर लागेका छन् । यसरी हेर्दा उनीहरू वैकल्पिक संस्कृति निर्माणमा सक्रिय रहेकाले उदीयमान पिँढीका रूपमा रहेका छन् ।

'अहङ्कारको स्वर' कथामा प्रभुत्वशाली पिँढीअन्तर्गत पञ्चायती शासक तथा प्रजातन्त्रपछि सत्तामा पुगेका शासक रहेका छन् । यिनीहरू आफूबाहेक अरु सबैलाई शक्तिको प्रयोग गरी दमन गरेर सत्ता चलाउनुपर्छ भन्ने मानसिकता बोकेका चरित्रका रूपमा उपस्थित छन् । पञ्चायती सत्ताले पञ्चायती शासनव्यवस्थाको विरूद्धमा उत्रिएकालाई आफ्नो शक्तिको प्रयोग गरी दमन गर्ने काम गरेको छ, जस्तै : "सत्ताका ती अन्धा दासहरूको हातमा फलामे नाल एक्कासी गर्जे । तिनका मुखबाट मृत्युका असङ्ख्य जवानहरूको सयकडौँ प्राणलाई चाट्न पुगे । नरसागरको लहर एक्कासी छताछुल्ल भएर छरियो, जसलाई गोडाले जता डोऱ्यायो, उतै भागाभाग गरेको दृश्य । एकछिनका लागि लाग्यो, दानवी शक्तिको जीत भयो, मानवताको हार" (२०४) । प्रस्तुत साक्ष्यमा पञ्चायती शासकले प्रजातन्त्रको पक्षमा सडकमा निस्किएका जनतामाथि पुलिस प्रशासन लगाएर दमन गरेको छ । उनीहरूमाथि गोली पड्काएर उनीहरूलाई तितरबितर पार्न खोजेको देखिन्छ । सयौँ मान्छेलाई गोली हानेर मारेको छ । यस प्रकारको घटना हेर्दा तत्काल पञ्चायतको जीत भएको जस्तै देखिएको छ । उनीहरूले आफूमा भएको शक्तिको दुरूपयोग गरेर जनतामाथि प्रभुत्व जमाउन खोजेका छन् । अर्थात् जनतामाथि दमन गर्न कुनै कसर बाँकी राखेका छैनन् ।

प्रस्तुत कथामा प्रभुत्वशाली पिँढीका रूपमा पञ्चायती शासक मात्र नभएर प्रजातन्त्रको आगमनपछि सत्तामा पुगेका शासक पनि रहेका छन् । यिनीहरूले पनि आफू सत्तामा पुगेपछि आफ्ना विरोधीलाई दमन गर्न पछि नपर्ने कुरा उद्घोस गरेको कुरा कथामा यसरी चित्रण गरिएको छ :

*पल्लो घरको कोठामा बजेको रेडियोको स्वर थियो 'यो रेडियो नेपाल हो ! अब... ... ... बाट समाचार... हिजो .... मा भएको विशाल आमसभालाई सम्बोधन गर्दै ... पार्टीका महासचिव श्री... ले भन्नुभयो, हामीले जनआन्दोलन गराएर जुन कुरा हासिल गर्नु थियो, त्यो हासिल गऱ्यौँ । ... अब हाम्रो सरकार छ । भर्खर जन्मेको यस सरकारलाई कसैले बिथोल्न खोज्छ भने ... ... असहयोग गर्छ भने त्यो हाम्रो शत्रु हो । ... त्यसलाई हामी कसैगरे पनि सहन्नौँ । ... हामीबाहेक अरू कोही कोही होइनन् । यो आन्दोलन कसैले होइन, हामीले गरेका हौँ । (२०७)*

प्रस्तुत साक्ष्यमा प्रजातन्त्र ल्याउन हजारौँ जनताले रगत पसिना बगाए पनि त्यसको जस नेताले मात्र लिएका छन् । पञ्चायती शासकले जनतालाई अन्याय, अत्याचार, शोषण, दमन गरे भनेर जनता लडेर ल्याएको प्रजातन्त्रमा पनि नेताले आफ्ना विरोधी सबैलाई शत्रु भनेका छन् । प्रजातन्त्रमा सम्पूर्ण

जनता बोल्न, लेख्न, हिँड्नलगायतका कार्यमा स्वतन्त्र भए पनि यस्तो देखिएको छैन । आफ्ना विरोधीलाई जस्तोसुकै कारबाही गर्ने नेताको उद्घोषले जनता जुनसुकै तन्त्रमा पनि अधीनमा रहेको स्पष्ट भएको छ । शासनमा हुनेले जनताद्वारा ल्याइएको प्रजातन्त्र हो भन्ने कुरा बिर्सिएर आफूले ल्याएको सम्झी सत्ताको दुरूपयोग गरेर जनतामाथि नै शोषण, दमन गर्ने गरेको देखिन्छ ।

प्रस्तुत कथामा अधीनस्थ पिँढीका रूपमा उत्पलका बाबुआमा तथा सम्पूर्ण जनता रहेका छन् । उनीहरू पञ्चायत वा प्रजातन्त्र जुनसुकै शासनव्यवस्थामा पनि सत्ताद्वारा शोषण, दमनमा परेका छन् । जसले पनि प्रयोग गर्ने र रगत पसिनाको बलि लिने तर त्यसको फल प्राप्त नगर्ने पिँढीका रूपमा सर्वसाधारण जनता रहेका छन् । उनीहरू जहिले पनि सत्ताद्वारा हेपिएका वर्गमा रहेका छन् ।

प्रस्तुत कथामा उदीयमान पिँढीका रूपमा उत्पललगायतका व्यक्तिहरू देखिएका छन् । उनीहरू पञ्चायती शासनव्यवस्थाले जनताको स्वतन्त्रता खोसेकोले प्रजातन्त्र प्राप्तिपछि उक्त स्वतन्त्रता प्राप्त हुने भन्दै सडकमा उत्रिएका छन् । उनीहरूमध्ये धेरैले त आफ्नो बलिदानीसमेत दिएका छन् तर प्रजातन्त्रको लागि आह्वान गर्ने नेता नै सत्तामा पुगेपछि उनै जनतामाथि शोषण, दमन गर्ने काम गरेका छन् । यसरी तिनै नेताले जनतामाथि शासन गर्न थालेको र अन्याय, अत्याचार गरेकाले अधीनस्थ पिँढीको उत्पलको बुबासमेत प्रतिरोधमा उत्रिएको छ, जुन कुरा कथामा यसरी व्यक्त भएको छ :

*'होइन.. होइन, मेरो छोराले आफ्नो बलिदान दिएको यस्तो अहङ्कारका लागि होइन - एक मण्डलको सत्ता खोसेर अर्को मण्डलका हातमा दिन होइन । ..म..म यसको प्रतिकार गर्छु.....प्रतिकार' । ..ऊ एकदमै उत्तेजित भएर ढोकातिर दगुर्‍यो । ....उसको मनमा एउटै मात्र सोचाइ थियो ... त्यो नेताको स्वर, त्यो सत्ताको आवाज जनताको अपमान थियो, प्रजातन्त्रको खिल्ली, बौलाहा कुकुरको टोकाइ थियो । त्यो अहङ्कारको बिरूवालाई हुर्कन दिनुहुन्न । (२०८)*

प्रस्तुत साक्ष्यमा सहिदको बलिदानीबाट प्राप्त प्रजातन्त्रमा पनि नेताहरूले मण्डले प्रवृत्ति देखाएर आफूलाई सर्वेसर्वा ठानेर व्यवहार देखाएकाले सहिदको बुबा आक्रोसपूर्ण तरिकाले प्रतिरोधमा उत्रिएको छ । आफ्ना छोराहरूको रगत उनीहरूको अहङ्कारका लागि नभई स्वतन्त्रता, समानता तथा न्यायमूलक समाजका लागि थियो भन्दै त्यस्ता अहङ्कारी नेताको प्रतिरोधमा हिँडेको छ । यसरी नेताको व्यवहारका कारण अधीनस्थ पिँढी पनि प्रभुत्वशाली पिँढीको प्रतिरोधमा आएको छ तर यस प्रतिरोधले वैकल्पिक संस्कृति वा पिँढीको जन्म भने गराउन सकेको छैन ।

## ४. निष्कर्ष

रमेश विकलका कथा कथासङ्ग्रहका कथासङ्ग्रहमा सङ्कलित प्रस्तुत 'पल्लो खण्डको छत' र "अहङ्कारको स्वर' कथामा पिँढी र प्रभुत्वका दृष्टिले विश्लेषण गरिएको छ । पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी समाजशास्त्रीय समालोचनाका क्रममा विकसित अनुभूतिको संरचनाको समालोचनालाई सैद्धान्तिक आधार मानी अनुभूतिको संरचनाअन्तर्गत पर्ने पिँढी र प्रभुत्वको सैद्धान्तिक आधार तयार गरी त्यसैका आधारमा कथाको विश्लेषण गरिएको छ ।

कथामा प्रभुत्वशाली पिँढीअन्तर्गत सत्ता र त्यसको वरपर रहेका र गाउँका मुखिया तथा जिम्वाल रहेका छन् । यिनले अधीनस्थ पिँढीका चरित्रमाथि चरम शोषण, दमन, अन्याय, अत्याचार गरेका छन् ।

'पल्लो खण्डको छत' कथामा पञ्चायती शासक प्रभुत्वशाली पिँढीका रूपमा रहेका छन् । यिनीहरूले आफ्नो शासनका विरूद्ध लाग्ने जोसुकैलाई निर्मम यातना दिनेदेखि उनीहरूको हत्या गरी कलेरा रोगका कारण मृत्यु भएको भन्नेसमेत गरेका छन् । 'अहङ्कारको स्वर' प्रजातन्त्रको पुनर्स्थापना भएपछि प्रजातन्त्रवादी भनिएका नेता नै आफ्ना विरोधी सबैलाई तह लगाउनेजस्ता भाषण गर्दै प्रजातन्त्रका लागि आहुति दिएका तथा उनका परिवारमाथि नै प्रभुत्व जमाएका छन् ।

अधीनस्थ पिँढीअन्तर्गत सर्वसाधारण जनता रहेका छन् । उनीहरू सत्ताबाट शोषित, पीडित छन् । यिनीहरूलाई प्रभुत्वशाली पिँढीले शोषण, दमन, अन्याय, अत्याचार गरे पनि स्वीकार्न बाध्य भएका छन् । आफूहरू प्रभुत्वशाली पिँढीको संरक्षकत्वमा बाँच्नुपरेको भान अधीनस्थ पिँढीमा रहेको यथार्थ पल्लो खण्डको छत' कथाका आधारमा पुष्टि भएको छ । कथामा उदीयमान पिँढीका रूपमा प्रभुत्वशाली पिँढीको शोषण, दमनको प्रतिकार स्वरूप उठेका चरित्र रहेका छन् । यिनीहरू अधीनस्थ पिँढीले जस्तै प्रभुत्व स्वीकार नगरी त्यसको विरोध गरेका छन् । 'आतङ्कवादी' कथामा उदीयमान पिँढीले वैयक्तिक तवरले प्रभुत्वको प्रतिरोध गरेका छन् । यिनले वैकल्पिक शक्तिको निर्माण गर्न भने सकेका छैनन् । 'पल्लो खण्डको छत' कथामा उदीयमान पिँढीले वैकल्पिक संस्कृतिको निर्माणमा सामूहिक भूमिका खेलेका छन् तर पूर्ण रूपमा सफल हुन भने सकेकन छैनन् ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव, (२०६८), *सिद्धान्तका कुरा,* तेस्रो संस्क. काठमाडौँ : अक्षर क्रिएसन्स ।

क्षेत्री, उदय, (२०६४) "समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

खनाल, विन्दुदेवी, (२०७२), "महेशविक्रम शाहका कथामा अनुभूतिको संरचना", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, ।

पाण्डेय, ताराकान्त, "बसाइँ उपन्यासमा अनुभूतिको संरचना", *नेपाल अकादमी जर्नल,* उत्तरबङ्गाल विश्वविद्यालय, नेपाली विभाग (वर्ष ८, अङ्क ८, सन् २०१२), १-१७ ।

पाण्डेय, मैनेजर, (सन् १९८९), *साहित्य के समाजशास्त्र की भूमिका,* चण्डीगढ : हरियाना साहित्य एकेडेमी ।

भट्ट, उद्धवदेव, (२०७५), रमेश विकलका कथा (२००८-२०२०) मा अनुभूतिको संरचना", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

विकल, रमेश, (२०७५) *रमेश विकलका कथा,* मञ्जरी पब्लिकेशन ।